# बाध्यकारी श्रम (निषेध र पुर्नस्थापना गर्ने) सम्बन्धी विधेयक, २०७९

**प्रस्तावना** : बाध्यकारी श्रम निषेध गर्न, बाध्यकारी श्रममा रहेका श्रमिकलाई मुक्त गर्न, पुर्नस्थापन गर्न, क्षतिपूर्ति प्रदान गर्न तथा सामाजिक न्यायको दृष्टिले मुक्त बाध्यकारी श्रमिकको पुनर्सथापना गरी जीवनस्तर अभिवृद्धि गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बाध्यकारी श्रम (निषेध र पुर्नस्थापना गर्ने) सम्बन्धी ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले श्रम ऐन, २०७४ बमोजिम स्थापना भएको श्रम अदालत सम्झनु पर्छ र सो शब्दले श्रम अदालतको काम गर्न अधिकार क्षेत्र तोकिएको उच्च अदालतलाई समेत जनाउँछ।

(ख) "कमैया श्रम" भन्नाले देहायको कारणबाट बिना ज्याला वा प्रचलित कानूनले निर्धारण गरेको ज्याला वा पारिश्रमिक भन्दा कममा ऋणदाताको लागि गर्नुपर्ने श्रम वा सेवा सम्झनु पर्छ :-

(१) आफू वा आफ्नो परिवारले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्ने,

(२) पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्ने,

(३) ऋणदाता समक्ष कुनै बाँधा श्रमिकको जमानी बसेकोमा त्यस्तो बाँधा श्रमिकको बाँधा ऋण चुक्ता गर्ने।

(ग) "ऋणदाता" भन्नाले बाँधा श्रमिकलाई ऋण प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ।

(घ) "दास" भन्नाले कुनै मानिसलाई वस्तु सरह खरिद बिक्री समेत गर्ने गरी बाँधा श्रममा लगाउने कार्यलाई सम्झनु पर्छ।

(ङ) "परिवार" भन्नाले बाबु, आमा, पति, पत्नी, छोरा, बुहारी, छोरी र सासु ससुरा समेतलाई सम्झनु पर्छ र सो शब्दले परिवारमा आश्रित भएको एकाघरमा बस्ने समेतलाई जनाउँछ।

(च) "पीडक" भन्नाले कसैलाई बाँधा श्रममा लगाउने व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले श्रमिकलाई वाध्यात्मक रुपमा काममा लगाउने, श्रमिक आपूर्ति गर्ने व्यक्ति वा बाँधा श्रमको अवस्था निर्माण गर्न गराउन सहयोग गर्ने व्यक्तिलाई समेत जनाउँछ।

(छ) "मुक्त बाँधा श्रमिक" भन्नाले दफा ४ बमोजिम मुक्त भएको बाँधा श्रमिक सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्छ।

(झ) "बाँधा ऋण" भन्नाले बाँधा श्रमिक वा निजको परिवार वा पुर्खाले ऋणदाताबाट लिएको नगदी, जिन्सी वा वस्तु सम्झनु पर्छ र सो शब्दले सौकी वा अन्य ऋण समेतलाई जनाउँछ।

(ञ) "बाध्यकारी श्रम" भन्नाले देहायको कुनै वा सबै अवस्थालाई सम्झनु पर्छ :-

(१) कुनै व्यक्तिलाई कुनै डर त्रास देखाई निजको इच्छा विपरीत कुनै पनि सूचनाको माध्यमबाट टाढा राखी देहायको जुनकुनै काम वा सेवा गर्न लगाउने कार्यलाई बाध्यकारी श्रम मानिनेछ :-

(क) कृषि श्रमिक,

(ख) मुक्त कमैया,

(ग) इटाभट्‌टामा काम गर्ने श्रमिक,

(घ) निर्माण क्षेत्रका श्रमिक,

(ङ) हलिया श्रमिक,

(च) मानव बेचबिखन तथा ओसारपसारमा परेका व्यक्ति,

(छ) दास बनाइएका व्यक्ति।

तर, कुनै व्यक्तिले गरेको देहायको काम वा सेवालाई बाँधा श्रम मानिने छैन :-

(क) राष्ट्रलाई आवश्यक परेका बखत नागरिकको कर्तव्य अन्तर्गत गर्नुपर्ने काम वा सेवा,

(ख) अदालतबाट भएको आदेश वा निर्णय बमोजिमको सजाय वापत गर्नुपर्ने काम वा सेवा,

(ग) समुदायको हितको लागि त्यस्तो समुदायको सदस्यको हैसियतले गर्नुपर्ने काम वा सेवा।

(घ) एकाघरमा बुवा आमालाई सघाउने हदसम्मको सामान्य काम।

(२) कमैया श्रम वा हलिया श्रममा कसैलाई काममा लगाउने कार्य।

(३) परम्पराको नाममा वा कुनै खास जाति वा वर्ग विशेषका व्यक्तिको घरमा बिना पारिश्रमिक काम गर्न वाध्य बनाईने सबै कार्यहरु।

(४) देहायको अवस्थामा बाहेक राजिनामा स्वीकृत नगरी वा अन्य तवरले चाहेको समयमा काम छाड्न नपाउने गरी काममा लगाउने कार्य :-

(क) रोजगारदाता र श्रमिक वीच भएको पारस्परिक सम्झौता बमोजिम रोजगारदाताले प्रचलित कानूनको अधिनमा रही श्रमिकलाई त्यस्तो कामबाट हटाउँदा वा श्रमिकले राजिनामा दिई छोड्नको लागि सूचना दिनुपर्ने अवधिमा गर्नुपर्ने काम।

(ख) सेना, प्रहरी, सशस्त्र प्रहरी तथा राष्ट्रिय अनुसन्धानको कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम राजिनामा अस्वीकृत गर्न वा काममा लगाउन।

(५) पासपोर्ट वा भुक्तानी गर्नुपर्ने रकम नियन्त्रणमा राखी वा अन्य कागजात कब्जामा राखी काममा लगाउने कार्य।

(ट) "शोषण" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको न्यूनतम पारिश्रमिक भन्दा कम परिश्रमिक दिई काममा लगाउने कार्यलाई सम्झनु पर्छ र सो शब्दले चौध वर्षको उमेर पूरा नगरेका बालवालिकालाई काममा लगाउने कार्य वा श्रम ऐन, २०७४ वा सो सरह लागु हुने प्रचलित कानूनले निर्धारण गरेको न्यूनतम श्रम मापदण्ड भन्दा कम पारिश्रमिक वा सुविधा दिई काममा लगाउने कार्यलाई समेत जनाउँछ।

(ठ) "समिति" भन्नाले दफा १६ बमोजिम गठन भएको समिति सम्झनु पर्छ।

(ड) "हलिया श्रम" भन्नाले आफू वा आफ्नो परिवार वा पुर्खाले लिएको ऋण वा सोको ब्याज चुक्ता गर्न वा अरू कसैको जमानी बसेकोमा त्यस्तो ऋण चुक्ता गर्न ऋणदाताको जग्गा जोत्ने, खर्कमा काम गर्ने, बालीनाली लगाउने देखि भित्र्याउने सम्मका सबै वा केही कार्य गर्नको लागि जुनसुकै पदनाम दिई राखिएको व्यक्ति सम्झनु पर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ण) "हरुवाचरुवा श्रम" भन्नाले

(त) "कमलरी" भन्नाले

(थ) "कोष" भन्नाले दफा १२ बमोजिमको पुनर्स्थापना कोष सम्झनु पर्छ।

## परिच्छेद-२

## बाँधा श्रम निषेध सम्बन्धी व्यवस्था

३. **दास बनाउने वा बाँधा श्रमिकको रुपमा काममा लगाउन नहुने** : (१) कसैलाई दास बनाउन, मानिसको वेचविखन गर्न वा बाँधा श्रमिकको रुपमा राख्न वा काममा लगाउन पाइने छैन।

(२) कसैले पनि अर्को व्यक्तिलाई बाध्यात्मक रुपमा काममा लगाई शोषण गर्न पाइने छैन।

४. **बाँधा श्रमिक मुक्त हुने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत बाँधा श्रमिकको रुपमा रहेको व्यक्ति यो ऐन प्रारम्भ भएपछि बाँधा श्रमिकबाट स्वतः मुक्त भएको मानिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा देहायको मितिदेखि बाँधा श्रमिक मुक्त भएको मानिने छः-

(क) कमैया श्रम प्रणालीको हकमा नेपाल सरकारले कमैया श्रम उन्मूलन गर्ने सम्बन्धी घोषणा गरेको मिति २०५७।०४।०२ देखि,

(ख) कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ ले समेट्ने क्षेत्रको हकमा यो ऐन जारी भएको मिति २०५८।११।०९ देखि,

(ग) हलिया श्रम प्रणालीको हकमा नेपाल सरकारले हलिया श्रम उन्मूलन गर्ने सम्बन्धी घोषणा गरेको मिति २०६५।०५।२१ देखि।

(३) यो ऐन प्रारम्भ भए पश्चात बाँधा श्रममा रहेका व्यक्तिको हकमा पीडकबाट मुक्त भएको मितिलाई सम्झनु पर्छ।

५. **बाँधा ऋण तिर्नु नपर्ने** : (१) बाँधा श्रमिकले ऋणदातासंग लिएको बाँधा ऋण दफा ४ बमोजिम बाँधा श्रमिकबाट मुक्त भएको मिति पश्चात ऋणदातालाई तिर्नुपर्ने छैन।

(२) मुक्त बाँधा श्रमिकले उपदफा (१) बमोजिम ऋणदातालाई ऋण नबुझाएको आधारमा कुनै अदालतमा वा अन्य निकायमा उजुर लाग्ने छैन।

६. **लिखत वा सम्झौता रद्द हुने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऋणदाता र बाँधा श्रमिक बीच बाँधा ऋण लिने दिने सम्बन्धमा भएको लिखत वा सम्झौता यो ऐन प्रारम्भ भएपछि स्वतः रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिमको सम्झौता वा लिखत उपर कुनै अदालत वा निकायमा कुनै उजुरी लाग्ने वा मुद्दा दायर हुन सक्ने छैन।

७. **मुद्दाको दावी स्वतः समाप्त हुने** : (१) यो ऐन प्रारम्भ हुनु अघि बाँधा श्रमिक र ऋणदाताको वीचमा कुनै नगद वा जिन्सी वा चल वा अचल सम्पत्ति बाँधा श्रमिकबाट दिलाई भराई पाउँ भनी ऋणदाताले दिएको उजुरी वा मुद्दाको कारवाही जुनसुकै अदालतमा विचाराधीन अवस्थामा वा फैसला भई कार्यान्वयन गर्ने अवस्थामा रहेको भए पनि यो ऐन प्रारम्भ भएपछि त्यस्तो मुद्दाको दावी स्वतः समाप्त हुनेछ।

(२) उपदफा (१) बमोजिमको मुद्दा फैसला भै कार्यान्वयन हुने अवस्थामा रहेछ भने सो फैसला समेत कार्यान्वयन हुने छैन।

८. **बन्धक वा जमानत लिएको सम्पत्ति फिर्ता गर्नुपर्ने** : (१) पीडक वा ऋणदाताले बाँधा श्रमिकलाई बाँधा ऋण दिंदा कुनै सम्पत्ति बन्धक वा जमानतमा लिएको भए यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र बन्धक वा जमानत लिएको सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता गर्नु पर्नेछ।

(२) पीडक वा ऋणदाताले बन्धक वा जमानत लिएको चल वा अचल सम्पत्ति उपदफा (१) बमोजिम फिर्ता नगरेमा मुक्त बाँधा श्रमिकले त्यस्तो सम्पत्ति फिर्ता पाउने अवधि समाप्त भएको छ महिनाभित्र दफा १८ बमोजिम जिल्ला अदालतमा फिराद दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम फिराद परेपछि जिल्ला अदालतले प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि अन्तिम अदालतबाट फैसला नभएसम्म त्यस्तो सम्पत्ति रोक्का राख्नु पर्नेछ।

९. **घर जग्गाबाट हटाउन नहुने** : बाँधा श्रमिक बसोबास गरेको जग्गाबाट वैक्लिक बासस्थान नगरी हटाउन पाइने छैन।

तर, यो ऐन प्रारम्भ हुँदाका बखत बाँधा श्रमिकको रुपमा रहेको व्यक्ति वा निजको परिवारले उपभोग गर्दै आएको घर जग्गाबाट निजलाई वैकल्पिक बसोवासको व्यवस्था मिलाई त्यस्तो स्थानबाट हटाउन वा जग्गाधनी र मुक्त बाँधा श्रमिक वीच स्थानीय तहको सम्बन्धित वडा कार्यलयको रोहवरमा घर जग्गा सट्टापट्टा गरि बसोवासको उचित व्यवस्था मिलाउन बाधा पर्ने छैन।

१०. **न्यूनतम पारिश्रमिक निर्धारण** : (१) श्रम ऐन, २०७४ को दफा १०७ को उपदफा (२) बमोजिम कृषि श्रमिकको लागि छुट्टै न्यूनतम पारिश्रमिक निर्धारण भएकोमा सोही न्यनतम पारिश्रमिक नै कृषि श्रमिकको हकमा लागु हुनेछ। तर सो बमोजिम कृषि श्रमिकलाई छुट्टै पारिश्रमिक निर्धारण नभएमा

श्रम ऐन, २०७४ को दफा १०६ बमोजिम निर्धारित न्यूनतम पारिश्रमिक नै कृषि श्रमिकको हकमा समेत लागु हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रम ऐन, २०७४ को दफा १०७ (७) बमोजिम प्रचलित कानूनमा कुनै भौगोलिक क्षेत्र वा कामको लागि छुट्टै न्यूनतम पारिश्रमिक निर्धारण भएमा सो क्षेत्र र कामको हकमा सोही पारिश्रमिकलाई नै न्यूनतम पारिश्रमिक लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा लेखिएकोमा बाहेक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ को उपदफा (१) र (२) बमोजिम श्रमिकको ज्यालादर निर्धारण भएकोमा सो ज्यालादरलाई सम्बन्धित स्थानीय सरकारको क्षेत्रको ज्यालादर लागु हुने श्रमिकको लागि न्यूनतम पारिश्रमिक मानिनेछ।

११. **बढी समय काममा लगाएमा क्षतिपूर्ति दिनुपर्ने :** कसैले दैनिक आठ घण्टा तथा हप्तामा बयालिस घण्टा भन्दा बढी समय श्रमिकलाई बाँधा श्रममा लगाएको रहेछ भने अदालतले क्षतिपूर्ति भराउँदा वा पारिश्रमिक भराई दिंदा दैनिक चार घण्टा भन्दा बढी समय काममा लगाएको मानी पारिश्रमिक दरको डेढीको हिसावले क्षतिपूर्ति भराउनु पर्नेछ।

## परिच्छेद-३
## बाध्यकारी श्रम निषेध सम्बन्धी व्यवस्था

१२. **बाध्यकारी श्रमिकको रुपमा काममा लगाउन नहुने :** (१) कुनै व्यक्तिलाई प्रचलित कानून विपरित देहायको जुनकुनै काम वा सेवा गर्न लगाउने कार्यलाई बाध्यकारी श्रम मानिनेछ :-

(क) न्यूनतम ज्याला नदिई कृषि कार्य, इटाभट्टा र निर्माण क्षेत्रको काममा लगाउने,

(ख) ज्याला रोकेर राख्ने,

(ग) हलिया, कमलरी, कमैया, हरुवाचरुवा राख्ने,

(घ) अत्यधिक अतिरिक्त काममा लगाउने,

(ङ) शारीरिक हिंसा, यौनहिंसा, मानव बेचबिखन तथा ओसारपसार गर्ने उद्देश्यले कुनै निकृष्ट कार्यमा लगाउने,

(च) वैदेशिक रोजगारको नाममा दास बनाउने,

(छ) पर्यटकीय, औद्योगिक, व्यापारिक तथा अन्य जुनसुकै कार्यमा लगाए पनि श्रमको शोषण हुने कार्य।

## परिच्छेद-३

## <u>उद्दार र पुर्नस्थापना सम्बन्धी व्यवस्था</u>

१३. **<u>उद्दार सम्बन्धी व्यवस्था</u>** : (१) कुनै व्यक्तिले कुनै व्यक्तिलाई वा समूदायलाई यस ऐनको विपरित हुने गरी बाध्यकारी श्रमिकको रुपमा राखेको पाइएमा सरकारको तीनै तहबाट उद्दार र पुनर्स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गरे गराएमा प्रचलित कानून बमोजिम सजाय हुनेछ।

१४. **<u>पुनर्स्थापना कोषको व्यवस्था</u>** : (१) यस ऐन बमोजिम मुक्त हुने बाध्यकारी श्रमिकको पुर्नस्थापनाको लागि त्यस्तो श्रमिक रहेको प्रदेशमा एक पुर्नस्थापना कोष हुनेछ र कोषमा देहाय बमोजिमका रकम रहने छन्ः-

(क) नेपाल सरकारले उपलव्ध गराएको रकम,

(ख) प्रदेश सरकारले उपलब्ध गराएको रकम,

(ग) यस ऐन बमोजिम उठेको जरिवाना रकम,

(घ) विदेशी संघ संस्थाबाट प्राप्त सहयोग रकम,

(ङ) स्थानीय सरकारले राखेको रकम,

(च) प्रचलित कानून बमोजिम अन्य श्रोतबाट प्राप्त हुने रकम।

(३) कोषमा जम्मा भएको रकम "क" बर्गको बाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

१५. **<u>पुनर्स्थापना कोष सञ्चालक समिति</u>** : पुनर्स्थापना कोषको सञ्चालन गर्न देहाय बमोजिमको सञ्चालक समिति रहनेछ :-

(क) सम्बन्धित स्थानीय पालिका प्रमुख - सदस्य

(ख) सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) बाध्यकारी श्रमिकको क्षेत्रमा काम गरेका गैर सरकारी संस्थाहरु मध्येबाट एकजना - सदस्य

(घ) नगरपालिका वा गाउँपालिकाले मनोनयन गरेको मुक्त बाध्यकारी श्रमिकहरु मध्येबाट एकजना - सदस्य

(ङ) सम्बन्धित पालिकाको योजना शाखा प्रमुख -सदस्य-सचिव

(२) कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार र कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिक हुनेछ।

१६. **<u>पुर्नस्थापना कार्यक्रमको सञ्चालन</u>** : समितिले बाध्यकारी श्रमिकलाई देहाय बमोजिम पुर्नस्थापनाको व्यवस्था गर्नेछ :-

(क) आफ्नो बसोवास समेत नभएको व्यक्तिको हकमा संभव भएसम्म सम्बन्धित स्थानीय तहमा उचित बसोवासको व्यवस्था गर्ने,

(ख) अन्य तवरले बाध्यकारी श्रमिक बनाएमा लगाएमा बाँधा श्रमबाट मुक्त गर्न स्वतन्त्र हैसियतमा पुर्‍याएर परिवारको जिम्मा लगाउने,

(क) पासपोर्ट कब्जामा लिई वा अन्य कागजात वा भुक्तानी नियन्त्रण गरी बाँधा श्रममा लगाएकोमा भुक्तानीको व्यवस्था मिलाई वा पासपोर्ट दिलाई वा अन्य कागजात दिलाई घर फर्कन वा अन्य काम गर्ने वातावरण बनाउने,

(ख) तोकिएको प्रकृया अवलम्वन गरी पुर्नस्थापना गर्ने गराउने।

१७. **<u>रोजगार कार्यक्रमको सञ्चालन</u>** : बाध्यकारी श्रमिकहरुको लागी सरकारका तीनै तहबाट देहाय बमोजिमको रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ :-

(क) मुक्त बाध्यकारी श्रमिक र तिनको परिवारलाई जीविकोपार्जनको लागि सीपमूलक, व्यावसायिक तथा आयमूलक तालिम दिएर,

(ख) स्वरोजगार हुन सक्ने बनाउन दफा १२ बमोजिमको कोषबाट सुलभ दरमा ऋण दिएर।

१८. **<u>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सहयोग गर्नुपर्ने</u>** : (१) स्थानीय तहमा रहेका मुक्त बाध्यकारी श्रमिकको पुर्नस्थापना नभएसम्म त्यस्तो व्यक्ति तथा परिवारको आधारभूत शिक्षा तथा स्वास्थ्य उपचारमा सहयोग गर्नु सम्बन्धित स्थानीय पालिकाको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित स्थानिय पालिकाले त्यस्तो मुक्त बाँधा श्रमिक तथा निजको परिवारका सदस्यको माध्यमिक तह सम्मको शिक्षाको लागि भर्ना गर्ने व्यवस्था मिलाउन र स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गराई अति गरिब व्यक्ति सरह मानी बीमाको प्रिमियम भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

## परिच्छेद-४

## <u>अनुगमन तथा समन्वय सम्बन्धी व्यवस्था</u>

१९. **<u>अनुगमन तथा समन्वय गर्ने</u>** : (१) बाध्यकारी श्रममा संलग्न व्यक्तिलाई मुक्त गर्ने र पुनर्स्थापना सम्बन्धी कार्यको अनुगमन तथा समन्वय प्रदेश र संघीय मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) बमोजिम समन्वय गर्न मन्त्रालयले कुनै अधिकृत कर्मचारीलाई तोक्न र अनुगमन गर्ने कामका लागि सम्बन्धित क्षेत्रको विज्ञ वा गैर सरकारी संस्थालाई समेत सहभागी गराउन सक्नेछ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले आवश्यक्तानुसार अनुगमन तथा समन्वयको लागि सम्बन्धित क्षेत्रको श्रम कार्यालयलाई तोक्न सक्नेछ।

२०. **<u>अनुगमन समितिको गठन</u>**: (१) मुक्त बाध्यकारी श्रमिक तथा परिवारलाई पुनर्स्थापना गर्ने सम्बन्धमा प्रदेश स्तरमा काम गर्नको लागि मुक्त बाध्यकारी श्रमिक पुर्नस्थापना तथा अनुगमन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिम समितिमा देहाय बमोजिम अध्यक्ष एवं सदस्य रहने छन् :-

(क) प्रदेश सरकारको श्रम हेर्ने मन्त्री - अध्यक्ष

(ख) प्रदेश श्रम हेर्ने मन्त्रालयका सचिव - सदस्य

(ग) प्रभावित जिल्लाका प्रमुख जिल्ला अधिकारी - सदस्य

(घ) प्रभावित स्थानीय निकायको प्रमुख - सदस्य

(ङ) प्रदेश भित्रका श्रम कार्यालयका प्रमुख - सदस्य

(च) संयुक्त ट्रेड युनियन समन्वय केन्द्रको प्रदेश प्रमुख - सदस्य

(छ) बाध्यकारी श्रमिकको क्षेत्रमा काम गरेका गैर सरकारी संस्थाहरु मध्येबाट स्थानीय निकायले मनोनयन गरेको एक जना - सदस्य

(ज) मुक्त बाध्यकारी श्रमिकहरु मध्येबाट एक जना - सदस्य

(झ) स्थानीय पालिकाको प्रमुख प्रशासकीय -सदस्य-सचिव

(३) उपदफा (३) बमोजिम मनोनीत सदस्यहरुको पदावधि तीन वर्ष हुनेछ।

(४) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको अध्यक्ष तथा सदस्यहरुको बैठक भत्ता तोकिए बमोजिम हुनेछ।

२१. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) मुक्त बाध्यकारी श्रमिकको अभिलेख अद्यावधिक बनाई राख्ने,

(ख) मुक्त बाध्यकारी श्रमिकको पुनर्स्थापनाको लागि आवश्यक व्यवस्था मिलाउने,

(ग) मुक्त बाध्यकारी श्रमिकको पुनर्स्थापनाको लागि नेपाल सरकारबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) कसैले बाध्यकारी श्रमिकका रुपमा कसैलाई काममा लगाए नलगाएको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) मुक्त बाध्यकारी श्रमिकका लागि आय आर्जन सम्बन्धी व्यवसाय गर्न आवश्यक पर्ने ऋण रकम उपलब्ध गराउन नेपाल सरकार, प्रदेश सरकार, बैंक वा वित्तीय संस्थामा सिफारिस गर्ने,

(च) मुक्त बाध्यकारी श्रमिकको लागि आवास, शिक्षा, रोजगारमूलक तालीम वा सीप विकास गर्नेसम्बन्धमा विभिन्न निकाय, स्थानीय तह वा संघ संस्थासंग समन्वय कायम गर्ने,

(छ) मुक्त बाध्यकारी श्रमिकको पुनर्स्थापनाको लागि आवश्यक श्रोत सहित जिम्मेवारी दिने,

(ज) बाध्यकारी श्रमिकहरुको हकहितको सम्बन्धमा तोकिए बमोजिमका काम गर्ने।

## परिच्छेद-५

## उजुरी, सजाय र पुनरावेदन

२२. **उजुरी गर्न सक्ने** : (१) कसैले दफा ३ को उपदफा (१) विपरीत कसैलाई दास बनाएमा वा बाँधा श्रममा लगाएमा पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय तहका पदाधिकारीले आफुसंग भएका प्रमाण संलग्न गरि नजिकको प्रहरी कार्यालयमा लिखित वा मौखिक रुपमा उजुरी दिनु पर्नेछ।

(२) कसैले दफा ३ को उपदफा (२) विपरीत कुनै काम ग्रेमा सो कामबाट पीडित व्यक्ति स्वंयले वा निजको परिवारका सदस्य, संघ, संस्था वा स्थानीय तहका पदाधिकारीले आफूसंग भएका प्रमाण संलग्न ग्री मुद्दा हेर्ने अधिकारी समक्ष लिखित उजुरी वा मौखिक सूचना दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम कसैले मौखिक सूचना वा जाहेरी दिएमा मुद्दा हेर्ने अधिकारीले वा प्रहरी कार्यालयले त्यस्तो कुरा उजुरी वा जाहेरीको रुपमा तयार गर्न लगाई सूचना दिने व्यक्तिको सहिछाप समेत ग्राउनु पर्नेछ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) र (२) बमोजिम उजुर गर्ने व्यक्ति पुर्पक्षको लागि तारेखमा बस्नु पर्ने छैन।

(५) कसैले कसैलाई दास बनाउने वा बाध्यकारी श्रममा लगाउने वा शोषण गरेको पाइएमा, त्यस्तो व्यक्तिलाई अन्य प्रचलित कानून बमोजिम कारवाही भएको रहेछ भने यस ऐन बमोजिम कारवाही हुने छैन।

२३. **सजाय** : (१) कसैले दफा ३ को उपदफा (१) विपरीत कसैलाई बाँधा श्रमिकको रुपमा  काममा लगाएमा अदालतले पीडकलाई दुई वर्षसम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्न सक्नेछ।

(२) दफा ४ मा उल्लेख भएको मिति पश्चात बाध्यकारी श्रममा लगाएको भए अदालतले पीडकबाट बाँधा श्रमिकलाई न्यूनतम पारिश्रमिकको हिसावले हुन आउने रकम वा सो कामको लागि चलन चल्तीमा रहेको पारिश्रमिक मध्ये जुन बढी हुन्छ सोही हिसावले पारिश्रमिक भत्ता तथा श्रम ऐन, २०७४ बमोजिम पाउने सुविधा समेत पारिश्रमिक वापत भराई दिनु पर्नेछ।

(३) चौध वर्ष उमेर पूरा नभएका बालबालिका वा विदेशी नागरिकलाई नेपालमा ल्याई  वा नेपालीलाई विदेशमा लगी बाध्यकारी श्रममा लगाएमा उपदफा (१) बमोजिमको सजायमा पच्चीस प्रतिशत थप कैद र जरिवाना गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम पारिश्रमिक रकम भराउँदा पारिश्रमिकको अतिरिक्त सो अंकको दोब्बर रकम क्षतिपूर्ति वापत श्रमिकलाई भराइदिनु पर्नेछ।

तर, कसैले नेपाल बाहिर लगि बाँधा बनाएको भए त्यस्तो व्यक्तिलाई नेपाल ल्याउन लाग्ने खर्च र कसैले विदेशीलाई नेपालमा ल्याई बाधा बनाएको भए त्यस्तो विदेशीलाई निजको वासस्थान सम्म पुऱ्याउने खर्च समेत भराउनु पर्नेछ।

(५) कसैले राजिनामा स्वीकृत नगरि इच्छा विपरीत काममा लगाएमा पीडक व्यक्ति वा संस्थालाई मुद्दा हेर्ने अधिकारीले एकलाख रुपैयाँ सम्म जरिवाना गरि सो को दोब्बर रकम बाँधा श्रमिकलाई क्षतिपूर्ति भराई कामबाट मुक्त गरिदिनु पर्नेछ।

(६) कसैले दफा ३ को उपदफा (२) विपरीत शोषण गर्ने कार्य गरेमा न्यूनतम पारिश्रमिक तथा श्रम मापदण्ड बमोजिम पारिश्रमिक वा सुविधा दिन आदेश दिई जति अवधिसम्म र पारिश्रमिक वा सुविधा नदिएको हो सो समेतको हिसाव गरि पीडकबाट सो अंकको दोब्बर क्षतिपूति वापत श्रमिकलाई भराई दिनु पर्नेछ।

(६) कसैलाई दास बनाउने कार्य गर्ने व्यक्तिलाई उपदफा (१) मा उल्लिखित सजायको अतिरिक्त मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम मानव वेचविखनमा थप सजाय हुनेछ।

२४. **नेपाल सरकार वादी हुने** : (१) दफा २० र २१ बमोजिम अदालतमा दायर हुने नेपाल सरकार वादी हुने त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ।

(२) उपदफा (१) मा उल्लेख भएको बाहेक अन्य मुद्दामा मर्का पर्ने पक्षले उजुरी दिन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि जाहेरी दिएको तीन महिना भित्र मुद्दा दायर नभएमा मर्का पर्ने पक्षले सो मितिले एक वर्ष भित्र अदालतमा उजुरी दिन सक्नेछ।

२५. **मुद्दा हेर्ने अधिकारी** : यस ऐनमा अदालतले हेर्ने भनी उल्लेख भएकोमा बाहेक यो ऐन तथा यस ऐन अन्तर्गतका मुद्दा हेर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

२६. **मुद्दाको कार्यविधि** : यस ऐन अन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्दा मुद्दा हेर्ने अधिकारीले विशेष अदालत ऐन, २०५९ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

२७. **पुनरावेदन** : यस ऐन बमोजिम मुद्दा हेर्ने अधिकारीले गरेको नर्णय उपर चित्त नबुझेमा पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

## परिच्छेद-६
## विविध

२८. **सम्पर्क मन्त्रालय** :

२९. **प्रतिवेदन पेश गुर्नपर्ने** : (१) कसैले आफ्नो इलाकाभित्र कसैलाई यस ऐन विपरीत काममा लगाए नलगाएको सम्बन्धमा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले प्रत्येक छ महिनामा कम्तीमा एक पटक निरीक्षण गरी आफ्नो राय सहितको प्रतिवेदन समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) कल्याणकारी अधिकृतले समितिबाट वर्षभरि भए गरेको कामको प्रतिवेदन प्रदेश सरकार र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

३०. **प्रमाणको भार** : कुनै लिखत वा सम्झौता बाँधा ऋण दिने प्रयोजनको लागि गरिएको होइन भन्ने विषयमा प्रश्न उठेमा त्यसको प्रमाण पुऱ्याउने भार सो भन्ने व्यक्तिमा रहनेछ।

३१. **नेपाल सरकारले निर्देशन दिन सक्ने** : मुक्त बाँधाको पुनर्स्थापनाको लागि नेपाल सरकारले समिति तथा कल्याणकारी अधिकृतलाई समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

३२. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३३. **खारेजी र वचाउ** : (१) कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ खारेज गरिएको छ।

(२) कमैया श्रम (निषेध गर्ने) ऐन, २०५८ बमोजिम भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) मुलुकी ऐन, २०२० को जीउ मास्ने वेच्नेको महलको ३ नम्बर खारेज गरिएको छ।